# चुरे राजपत्र

## चुरे गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६ संख्या १२ मिति २०७९ पौष २७

# भाग १

## चुरे गाउँपालिकाको सूचना

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:**

## चुरे गाउँपालिकाको वन ऐन, २०७९

**प्रस्तावना:** गाउँपालिकामा सामुदायिक, ग्रामीण, धार्मिक, निजी, कवुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन गर्दै वन श्रोतबाट अधिकतम लाभ उठाई लाभको न्यायोचित वितरणको माध्यमबाट स्थानीय

समुदायको आर्थिक, सामाजिक, वातावरणीय पूर्वाधार लगायतका स्थानीय विकासको क्षेत्रमा महत्वपूर्ण योगदान स्थानीय वन व्यवस्थापन सम्वन्धी आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) खण्ड (ङ) को अधिकार कार्यान्वयन गर्न नेपालको संबिधान धारा २२६ बमोजिम चुरे गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भीक

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस ऐनको नाम "चुरे गाउँपालिकाको वन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मितिवाट लागू हुनेछ ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "अधिकारवाला" भन्नाले यस ऐन बमोजिम वन

अधिकार प्राप्त हुने व्यक्ति, परिवार वा समुदाय समेतलाई सम्झनु पर्छ ।

(ख) "उद्योग" भन्नाले यस प्रचलित कानून बमोजिम दर्ता भएका बन वा वन पैदावारमा आधारित उत्पादन मुल व्यवसाय भन्ने सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले यस चुरे गाउँपालिकाको गाउँ सभाले पारित गरेको यस " वन ऐन २०७९" सम्झनुपर्दछ ।

(घ) "निजी वन" भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनु पर्छ ।

(ङ) ‘‘तोकिएको’’ वा ‘‘तोकिए बमोजिम’’ भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) ‘‘परम्परागत रूपमा संरक्षण, भोगचलन’’ भन्नाले पुस्तौं-पुस्तादेखि परम्परागत ज्ञान, सीप र विधिबाट वनको व्यवस्थापन, संरक्षण, विकास तथा त्यस्तो वनबाट प्राप्त हुने वन पैदावारहरूको सदुपयोग वा भोगचलनको निरन्तरतालाई सम्झनु पर्छ ।

(छ) ‘‘प्राकृतिक स्रोत साधन’’ भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा

प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ ।

(ज) “वन” भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाँकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, कबिलियती वन, धार्मिक वन, शहरी वन, ग्रामिण वन, कृषि वन, वृक्षारोपण, सीमसार क्षेत्र , प्रथाजनित रूपमा व्यवस्थापन गरिएको वन र निजी वन समेतलाई सम्झनु पर्छ ।

(झ) “वन क्षेत्र” भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको वाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नांङ्गो

पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

(ञ) “वन पैदावार” भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, वा रुख, पात, फल, फूल, मौवा, चिराइतो, च्याउँ र सबै प्रकारका जङ्गली जडीबूटी, वनस्पती तथा तीनका विभिन्न भाग वा अङ्ग, वा चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा, वा पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार सम्झनु पर्छ ।

(ट) “सामुदायिक वन” भन्नाले समुदायद्धारा

व्यवस्थापन गरेको वन लगायत कबुलियती वन, धार्मिक, परम्परागत विधिबाट संरक्षण र व्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वन समेतलाई सम्झनु पर्छ ।

(ठ) "सामुदायिक वन उपभोक्ता समुह" भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि सम्बन्धित वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठन हुने उपभोक्ता समुहलाई सम्झनु पर्छ ।

(ड) “सामुदायिक वन उपभोक्ता समिति” भन्नाले समुदायिक वन उपभोक्ता समुहको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउने छ ।

(ढ) “स्थानीय वन परिषद्” भन्नाले दफा ५ बमोजिम गठन हुने वन अधिकार संरक्षण सम्वन्धि गठन भएको स्थानीय वन परिषद्लाई सम्झनु पर्छ ।

(ण) “स्थानीय समुदाय” भन्नाले वनक्षेत्रसंग सीमाना जोडिएको वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ ।

(त) "वनश्रोत" भन्नाले कुनैपनि व्यवहारिक, व्यावसायीक, सामाजिक, धार्मिक, मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी, वा सामुदायिक वनमा रहेको वनस्पति, जीव, र अन्य सुक्ष्म जीवहरू लगायत माथि तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानवीय प्रयोगमा आउने वनश्रोत समेतलाई जनाउने छ ।

(थ) "सम्बन्धित अधिकारी" भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियार प्राप्त अधिकारी सम्झनु पर्दछ ।

## परिच्छेद २

## बन सुचिकरण तथा दर्ता सम्बन्धि व्यवस्था

३. **बन सुचीकरण सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका क्षेत्रमा साविकमा दर्ता तथा

हस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, र नीजि वनहरुले देहायका कागजात सहित गाउँपालिकामा सुचीकृत हुनु पर्नेछ ।

(क) दर्ता (हस्तान्तरण) प्रमाण पत्र

(ख) स्वीकृत बिधान

(ग) उपभोक्ता समितिको बिवरण

(घ) गत ३ बर्ष देखिको लेखा परिक्षण प्रतिवेदन

(ङ) कार्ययोजना

(च) उपभोक्ता समूह दर्ता प्रमाण पत्र

(२) उपदफा (१) बमोजिम गाउँपालिकामा सुचिकरणका लागि निवेदन प्राप्त भएको १५ दिन भित्र गाउँपालिकाले आवश्यक कागजात प्राप्त भए नभएको जाँचबुझ गरी सम्बन्धित बनलाई गाउँपालिकामा सुचिकृत भएको प्रमाण पत्र दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सुचिकृत भएकालाई गाउँपालिकाले प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

४. **<u>निजी बन दर्ता गर्न पर्ने:</u>** (१) निजी बन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी बन दर्ताका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन बन कार्यालयको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी गाउँपालिकाकाले निजी बन वन दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको जानकारी गाउँपालिकाले सम्बन्धित डिभिजन वन कार्यालयलाई पठाउनेछ ।

(४) निजी बन दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३

## संस्थागत संरचना

५. **स्थानीय <u>वन परिषद्को गठनः</u>** (१) वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला समुदायको हक हितका सम्बन्धमा गाउँपालिकालाई सुझाव दिनको लागि स्थानीय स्तरमा एक वन परिषद गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरू रहने छनः

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) वन, वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक- सदस्य

(ग) अध्यक्षले मनोनित गरेका गाउँ सभा सदस्यहरुबाट २ जना महिला सहित ४ जना - सदस्य

(घ) सामुदायिक वन उपभोक्ता महासंघको प्रतिनिधि- सदस्य १ जना

(ङ) आदिवासी जनजाति महासंघको प्रतिनिधि- सदस्य १ जना

(च) नीजि वनको प्रतिनिधि- सदस्य १ जना

(छ) सामुदायिक बन उपभोक्तिा समितिका अध्यक्ष मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेका ३ जना - सदस्य

(झ) वन अधिकार, वातावरण संरक्षण र वन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको न्यूनतम् १ महिला सहित प्रतिनिधि - सदस्य ३ जना

(ञ) वन वातावरण क्षेत्र हेर्ने शाखाको प्रमुख - सदस्य सचिव

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू एक अवधिको लागि पुनः मनोनीत हुन सक्नेछन् ।

६. **परिषद्को काम, कर्तव्य र अधिकारः** (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा १० मा उल्लेखित कार्यहरु गर्न नीति, कार्यनीति, कार्यबिधि र योजना निर्माणका लागि गाउँपालिकालाई सुझाव दिने ।

(ख) गाउँपालिका क्षेत्रका बनहरुका बिचमा आपसी समन्वय कायम गरी बन उपभोक्ता समितिहरुलाई क्रियाशिल बनाउन सहजीकरण गर्ने ।

(ग) बन क्षेत्रको संरक्षण विकासका लागि बिभिन्न

योजना निर्माण गरी गाउँपालिकामा पेश गर्ने ।

(घ) बन सँग सम्बन्धित प्रदेश तथा संघीय कार्यालयसँग समन्वय कायम गर्ने ।

७. **परिषद्को बैठक सम्बन्धी कार्यविधि:** (१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को निर्णय परिषद्को अध्यक्षद्धारा प्रमाणित गरिनेछ ।

(५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **बन तथा वातावरण शाखाको व्यवस्थापन गर्नु पर्नेः** (१) गाउँपालिकाले वन तथा वातावरण क्षेत्रको व्यवस्थापनका लागि एक जना अधिकृत स्तरका स्थायी वा अस्थायी कर्मचारी र अन्य कर्मचारी रहने गरी शाखाको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम शाखाको मुख्य जिम्मेवारी बन दर्ता तथा सूचिकरण, अभिलेख व्यवस्थापन, परषदका निर्णयहरुको कार्यान्वयन आदि र अन्य जिम्मेवारी कार्यपालिकाले तोके बमोजिम हुनेछन् ।

९. **गाउँपालिका स्तरीय बन संजाल गठनः** ( १) गाउँपालिका क्षेत्रमा क्रियाशिल बन उपभोक्ता समितिहरुले आफ्ना सदस्यहरुको आर्थिक सामाजिक एवं सांस्कृतिक समृद्धि हासिल गर्नका लागि आवश्यक छलफल परामर्श, योजना र सरोकारवाला संग प्रतिनिधिमुलक प्रतिनिधित्व गर्न गाउँपालिका स्तरीय बन संजाल गठन गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम गठित सञ्जालको संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि संञ्जाल आफैले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ३

## अधिकार तथा दायित्व

१०. **<u>गाउँपालिकाको गाउँपालिकाको काम कर्तव्य अधिकारः</u>** (१) यस ऐनले सृजना गरेका दायित्वका अतिरिक्त गाउँपालिकाको काम कर्तव्य अधिकार बमोजिम हुनेछन् ।

(क) वन, जंगल, वन्यजन्तु, सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।

(ख) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन गर्ने ।

(ग) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन गर्ने

(घ) स्थानीयस्तरमा निजी वनको प्रवर्द्धन, अनुगमन र नियमन गर्ने

(ङ) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने ।

(च) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन, सकंलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापनको व्यवस्थापन

(छ) वनबीउ बगैचा स्थापना, व्यवस्थापन र त्यसको प्रवर्द्धन गर्ने ।

(ज) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन गर्ने ।

(झ) वन्यजन्तु र चराचुरुगींको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन गर्ने

(ञ) मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन सम्बन्धि कार्य गर्ने

(ट) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन सम्बन्धी कार्य गर्ने ।

(ठ) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन सम्बन्धी कार्य गर्ने ।

(ड) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन गर्ने ।

(ढ) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुगींको

चुरे गाउँपालिका

अभिलेखाकंन र अध्ययन अनुसन्धान गर्ने गराउने ।

(ण) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत संकलन गर्ने ।

(त) स्थानीयस्तरमा हरियाली प्रवर्द्धन गर्ने ।

(थ) बन अतिक्रमण नियन्त्रण ।

(द) डढेलो नियन्त्रणमा आवश्यक सहजीकरण ।

(ध) जलाधार क्षेत्रहरुको संरक्षण ।

(२) उपदफा (१) मा उल्लेखित काम कर्तव्य र अधिकारको कार्यान्वयनको गाउँ कार्यपालिकाले तोकेको कार्यबिधि बमोजिम हुनेछ ।

**११. जाँचबुझ र निरीक्षण गर्न सक्नेः** (१) कुनै व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, नीजि वा

साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन र प्रचलित नेपाल कानून बिपरित हुनेगरी समुदायको वन अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरी रहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा गाउँपालिकाले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट वन अधिकारको हनन् सम्बन्धी दोषी देखिएका व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायतका व्यक्ति वा संस्थालाई गाउँपालिकाले प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्न वा कारबाहिका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

१२. **सामुदायिक वनमा उपभोक्ता समुहको उत्तरदायित्वः-** (१) यस ऐनको अधिनमा रहि सामुदायिक वनश्रोतको वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(२) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्ण ( व्यक्तिगत, घरधुरी, सामुहिक, समानुपातिक समावेशी) रूपमा सहभागिता गराउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(४) सामुदायिक वनश्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्ने सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(५) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरुप सामुदायिक वन श्रोतको प्रभावकारी रूपमा व्यवस्थापन भए नभएको सन्दर्भमा गाउँपालिकामा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(६) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वन श्रोतको आय र

अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समुहको साधारण सभा र साधारणसभाले कार्यसमितिलाई तोके बमोजिम समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(७) दिगो वन व्यवस्थापन गरी वनपैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(८) सामुदायिक वनक्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, सम्बृद्धि वृक्षरोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन सम्बधर्न प्रणाली (एक्ल्याउने, बाक्लो वन पत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने जस्ता कार्य गरी वनको हैसियतमा सुधार्दै लैजाने जस्ता वन संबद्धन गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

## परिच्छेद ४

## वनबाट प्राप्त लाभको बाँडफाड सम्बन्धी व्यवस्थाः

१३. **बिक्री गर्न सक्नेः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बिक्री बापत प्राप्त रकम गाउँपालिका तथा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

१४. **सामुदायिक वनबाट आय प्राप्त गर्नेः** (१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्ययोजना बढीमा १० बर्षको हुनेछ ।

१५. **निजी वनको व्यवस्थापनः** (१) निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा तोकिएको दस्तुर तिरी गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यावसायिक वा घरायसी प्रयोजनको लागि गाउँपालिकाबाट अर्को स्थानीय तहमा वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिस सहित तोकिएको

दस्तुर तिरी गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

१६. **सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाड सम्बन्धी व्यवस्थाः-** (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम बनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम गाउँपालिकासँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिनेछ ।

## परिच्छेद ५

## बिबिध

१७. **बन उद्यम र पर्यापर्यटन कार्यक्रम संचालन गर्न सक्नेः** (१) उपभोक्ता समूहले तोकिए बमोजिमको प्रक्रिया अवलम्बन गरी स्वीकृत कार्ययोजनाले

निर्दिष्ट गरेका बन उद्यम तथा पर्यापर्यटन कार्यक्रम संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालनका लागि गाउँपालिका वा संघ संस्था वा निजी क्षेत्र वा सहकारी सँग साझेदारी गर्न सकिनेछ ।

१८ **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले यस ऐनको अधीनमा रही आफ्नो स्वामित्वमा रहेको सार्वजनिक जग्गामा बनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ ।

(२) गाउँपालिकालाई उपदफा (१) बमोजिमको कामका लागि आवश्यक प्राविधिक सहयोग डिभिजन वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

१९ **प्रतिवेदन पेश गर्न पर्नेः** उपभोक्ता समूहले प्रत्येक आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक बिवरण तथा बनको स्थिति समेत खुलाई आफ्ना क्रियाकलापहरुको बार्षिक प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

२०. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम, मापदण्ड, निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**आज्ञाले**
**विविराज सोती**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

चुरे गाउँपालिका